## २०८२/०७/२६ गतेको नगर कार्यपालिकाको ६३औं बैठकको एजेन्डाहरू

१. मिति २०८२/०६/०८ गते बसेको कार्यपालिकाको ६२औं बैठकको निर्णय समीक्षा सम्बन्धमा।

२. पालिकाभित्र झोलुङ्गेपुलको आवश्यकता एकिन गरी स्थानीय पूर्वाधार विकास विभागलाई विवरण उपलब्ध गराउने समन्बन्धमा ।

३. आर्थिक उपचार सहायता सम्बन्धमा ।

| क.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | वडा नं. ८ निवासी श्री दिपक क्षेत्रीलाई विगत छ वर्षदेखी दुवै आँखाको न्यून दृष्टिको समस्या भएकोले उच्च शिक्षाका लागि सहयोग सम्बन्धमा । | |
| २ | वडा नं.१ निवासी श्री पण्डित ढकाललाई किड्नीमा समस्या भई उपचाररत भएकोमा उपचारको लागि सहायता सम्बन्धमा। | |
| ३ | यस नगरपालिकाको स्वास्थ्य शाखामा कार्यरत अधिकृत छैठौं ईश्वरी सापकोटा गौतम दुर्घटनामा परि दायाँ हात भाचिएकोले निजको उपचारको लागि सहायता सम्बन्धमा। | |
| ४ | वडा नं.१ निवासी प्रमिला तामाङ शरिरमा आगोले पोलेकोले निजको उपचारको लागि सहायता सम्बन्धमा। | |
| ५ | वडा नं.१० निवासी मोहनकृष्ण माझी मानसिक विरामी भई उपचाररत भएको निजको उपचारको लागि सहायता सम्बन्धमा। | |

४. नयाँगाउँ खस्रे नगरकोट सडक योजनाको भेरिएसन आदेश (VO) तथा स्रोत व्यवस्थापन सम्बन्धमा ।

५. बजेट अपुग भएका सशर्त योजनाहरुको स्रोत व्यवस्थापन सम्बन्धमा ।

६. नगरकोट पर्यटन विकास पर्यावरण कार्यक्रम योजना म्याद थप गर्ने सम्बन्धमा।

७. आ.व. २०८२/०८३ को प्रथम त्रैमासिक समिक्षा तथा प्रथम चौमासिकको आर्थिक आय/व्यय अनुमोदन सम्बन्धमा।

८. रेयुकाई आँखा अस्पतालको समन्वयमा आँखा शिविर सञ्चालन सम्बन्धमा।

९. नगरपालिकाभित्र रहेको जग्गा वर्गिकरण सम्बन्धमा ।

१०. धार्मिक सांस्कृतिक सम्पदा संरक्षण तथा मर्मत सम्बन्धि योजनाहरुको सम्झौता सम्बन्धमा ।

११. मण्डनदेउपुर नगरपालिकाको लागि शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड, २०७४ मा रहेको विभिन्न मापदण्डको छलफल सम्बन्धमा ।

१२. राष्ट्रिय गानका रचनाकार प्रदीप कुमार राई (ब्याकुल माइला) को स्वागत कार्यक्रम सम्बन्धमा।

१३. विविध

## निर्णयहरु

**निर्णय नं.१**

मिति २०८२/०६/०८ गते बसेको कार्यपालिकाको ६२^औं बैठकको निर्णय कार्यन्वयन सम्बन्धमा देहाय बमोजिम समीक्षा गरियो ।

| निर्णय नं. | प्रमाणित निर्णय | कार्यन्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | समपुरक योजनाहरुमा अपुग बजेटको श्रोत व्यवस्थापन | क्र.सं. ८३ बाट श्रोत व्यवस्थापन भएको | |
| २ | मण्डनदेउपुर नगरपालिकामा करार/दैनिक ज्यालादारीमा कर्मचारी व्यवस्थपन गर्ने सम्बन्धि कार्यविधि, २०८२ पेश गरी प्रमाणित | कार्यन्वयन भइसको | |
| ३ | नगरपालिका तथा मातहतका कार्यलयमा स्वीकृत स्थायी तथा अस्थाई दरबन्दिका रिक्त पदहरुमा करार कर्मचारी पदपुर्ति | कार्यन्वयनको चरणमा रहेको | |
| ४ | दशै, तिहार लगायतका चाडपर्वहरुमा अत्यावश्यक सेवा संचालन तथा कार्यालय सुरक्षाको लागि पाले पहरा | कार्यन्वयन भइसकेको | |
| ५ | नदिजन्य सामग्री उत्खननको लागि खोलामा प्रवेश अनुमती दिने | कार्यन्वयन भइसकेको | |
| ६ | हिगुवापाटी प्रहरी चौकी मर्मत | कार्यन्वयन भइसकेको | |
| ७ | हिगुवापाटी सल्लेवास सडकको हिगुवापाटी सडक खण्डमा मर्मत | कार्यन्वयनको चरणमा रहेको | |
| ९ | वडा स्तरिय सडक मर्मत (ग्रावेल, ह्यूमपाइप, वाल निर्माण, कज-वे) तथा सरसफाई | कार्यन्वयनको चरणमा रहेको | |
| १०.१ | जग्गा वर्गिकरण तथा सार्वजनिक सडकहरुको लगत कट्टा लगायत जग्गा नापी सम्बन्धि कार्य गर्नको लागि आवश्यक पर्ने दक्ष जनशक्ति बढीमा ३ महिनाको लागि परामर्श सेवा | कार्यन्वयनको चरणमा रहेको | |
| १०.२ | यस नगरपालिकाभित्र रहेका सबै वडाहरुलाई बालमैत्री वडा घोषणा गर्नको लागि आवश्यक सम्पुर्ण सूचक पुरा गर्नको सबै वडाहरुलाई पत्राचार गर्ने | कार्यन्वयन भइसकेको | |
| १०.३ | यस नगरपालिकाको वडा नं.८ को वडा कार्यालय भदौ १ गतेदेखि घर भाडामा लिई कार्यालय व्यवस्थापन गरेकोमा सोही मितिबाट लागु हुने गरी घर भाडाको सम्झौता अनुसार आर्थिक खर्च नगरपालिकाबाटै भुक्तानी दिने | कार्यन्वयन भइसकेको | |

निर्णय नं.२

पालिकाभित्र विभिन्न वडाहरुमा झोलुङ्गेपुलको आवश्यकता एकिन गरी गत आ.व.मा सिफारिस भएका देहाय बमोजिमका झोलुङ्गेपुलहरुलाई प्राथमिकतामा राखी विवरण पठाउन सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्ने र प्राप्त विवरण अनुसार स्थानीय पूर्वाधार विकास विभागलाई झोलुङ्गेपुलको मागका लागि सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.सं. | झोलुङ्गे पुलको नाम | ठेगान | कैफियत |
|---|---|---|---|
| १ | मकैटार झोलुङ्गे पुल | वडा नं.९ | |
| २ | सिउडेनीटार झोलुङ्गे पुल | वडा नं.९ | |
| ३ | खस्रे दुहिलडाँडा ठुलिचौर झोलुङ्गे पुल | वडा नं.३ | |

निर्णय नं.३

देहायका विरामीहरुलाई आर्थिक उपचार सहायता उपलब्ध गराउने निर्णय गरियो।

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | वडा नं. ८ निवासी श्री दिपक क्षेत्रीलाई विगत छ वर्षदेखी दुवै आँखाको न्यून दृष्टि सम्बन्धि अपाङ्गता भएको र र पारिवारिक आर्थिक अवस्था कमजोर भएकोले निजको उच्च शिक्षा अध्ययनका लागि रु.५०,०००/- (अक्षेरेपी पचास हजार रुपैया) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो । | |
| २ | वडा नं.१ निवासी श्री पण्डित ढकाल मृगौलामा समस्या भई हाल काठमाडौं मेडिकल कलेजमा डायलाइसिसका भइरहेको र निजको पारिवारि आर्थिक अवस्था कमजोर भएकोले निजलाई उपचारको लागि रु.२५,०००/- (अक्षेरेपी पच्चीस हजार रुपैया) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो । | |
| ३ | नगरपालिकाको स्वास्थ्य शाखामा कार्यरत अधिकृत छैठौं ईश्वरी सापकोटा गौतम दुर्घटनामा परि दायाँ हात भाचिएकोले निजको उपचारको लागि रु.२५,०००/- (अक्षेरेपी पच्चिस हजार रुपैया) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो। | |
| ४ | वडा नं.१ निवासी प्रमिला तामाङ शरिरमा आगोले पोलेर उपचार भइरहेको र आर्थिक अवस्था कमजोर भएकोले निजको उपचारको लागि रु.२५,०००/- (अक्षेरेपी पच्चीस हजार रुपैया) सहायता उपलब्ध गराउने निर्णय गरियो । | |
| ५ | वडा नं.१० निवासी मोहनकृष्ण माझी मानसिक विरामी भई उपचारारत भएको र निज विपन्न परिवारको भएकोले निजको उपचारका लागि रु.२५,०००/- (अक्षेरेपी पच्चीस हजार रुपैया) सहायता उपलब्ध गराउने निर्णय गरियो । | |

**निर्णय नं.४**

नयाँगाउँ खस्रे नगरकोट सडक योजनामा प्राविधिक लागत इस्टिमेट भन्दा केही शिर्षकहरुमा बढीकार्य गर्नुपर्ने प्राविधिक प्रतिवेदन प्राप्त भई भेरिएसन आदेश (VO) स्वीकृत गर्न सिफारिस भई आएकोमा सो बमोजिम भएको भेरिएसन आदेश (VO) स्वीकृत गर्ने र उक्त शिर्षकमा अपुग हुने बजेट स्कीकृत वार्षिक कार्यक्रमको बजेट शिर्षक नं.८१ भैपरी आउने विविध योजनाबाट रु.७,५०,०००/- बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

तपसिल बमोजिमका बजेट अपुग भएका योजनाहरुको लागि वार्षिक कार्यक्रमको बजेट शिर्षक नं. ८१ भैपरी आउने विविध योजना शिर्षकबाट स्रोत व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | बजेट | ला.ई. | अपुग रकम |
|---|---|---|---|---|
| १ | जुडिगाउ ढोडेनी मुलाचौंर सडक स्तरोन्नती | ५०,००,००० | ६४,९९,५८९.२४ | १४,९९,५८९.२४ |
| २ | काभ्रेपलाञ्चोक जिल्ला मण्डनदेउपुर-०३ बयरबोट चिलाउने सडक स्तरोन्नतती | ४०,००,००० | ५५,०३,८०९.३५ | १५,०३,८०९.३५ |
| ३ | काभ्रेपलाञ्चोक जिल्ला मण्डनदेउपुर-०३ योञ्जनटोल चापखोला आसीखोला सडक स्तरोन्नती | ४०,००,००० | ५५,३४,८४८.१० | १५,३४,८४८.१० |
| ४ | बयरबोट ओखलढुङ्गा RCC सडक ततथा Drain निर्माण वडा नं.४ | ३२,००,००० | ५८,१०,०८९.०४ | २६,१०,०८९.०४ |

साथै अन्य सशर्तको योजनाहरुमा प्राविधिक लागत स्टिमेट बमोजिम बढीमा २५% नबढ्ने गरी स्वीकृत बजेट शिर्षक नं. ८३ विभिन्न योजना तथा कार्यक्रमका लागि साझेदारी शिर्षकबाट स्रोत व्यवस्थापन गरी पछी कार्यपालिका बेठकबाट अनोदन गराउने गरी हाललाई योजनाहरु ठेक्का व्यवस्थापनको लागि स्वीकृत दिने निर्णय गरियो।

**निर्णय नं.६**

नगरकोट पर्यटन विकास पर्यावरण कार्यक्रम योजनाको म्याद २०८२ पुष मसान्तसम्म थप गर्ने निर्णय गरियो।

**निर्णय नं.७**

आ.व. २०८२/०८३ को प्रथम त्रैमासिक समिक्षामा विभिन्न शाखाबाट पेश गरिएका अनुसूची १ मा उल्लेखित प्रगती प्रतिवेदन तथा प्रथम चौमासिकको आर्थिक आय/व्यय विवरण अनुमोदन गर्ने निर्णय गरियो ।साथै प्रथम त्रैमासिकमा भुक्तानी भएका देहाय बमोजिमको योजनाहरुको खर्च यसै कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो

निर्णय नं.८
रेयुकाई आँखा अस्पतालको समन्वयमा गत आ.व. सञ्चालन भए अनुसार नगरपालिका तथा सबै वडाहरुमा आँखा शिविर सञ्चालन गर्ने र शिविरका लागि आवश्य यातायात, खाना खाजा खर्च नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।
निर्णय नं.९
नगरपालिकाभित्र रहेको जग्गा वर्गिकरण गर्न परामर्श सेवा खरिदको लागि सूचना प्रकाशन गरी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।साथै २० मि., १४ मि., र १०मि. ROW भएका सडकमा परेका जग्गाको नापी लगत कट्टा गर्नुपर्ने भएकोले जग्गा लगत कट्टाको सूचना प्रकाशन गर्न सबै वडाहरुमा पत्राचार गर्ने निर्णय गरियो ।
निर्णय नं.१०
धार्मिक सांस्कृतिक सम्पदा सम्बन्धि योजनाहरुमा उपभोक्ताबाट कम्तिमा १५% जनश्रमदान हुने गरी योजना सम्झौता तथा कार्यन्वयन गर्ने निर्णय गरियो ।
निर्णय नं.११
मण्डनदेउपुर नगरपालिकाको लागि शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड, २०७४ मा रहेको खोल्सी, कुलो, बन तथा भित्री सडकको मापदण्ड पुनरावलोकन गरी मिति २०८२/०३/२५ गते बसेको नगरसभाको १७औं अधिवेसनको तेस्रो बैठकबाट कार्यविधि संशोधन गरी स्वीकृत गर्ने अख्तियारी नगरकार्यपालिका बैठकलाई प्रदान गरेकोमा विधायन समितिका अध्यक्ष श्री दिपेन्द्र लामा तामाङको संयोजकत्वमा प्राविधिक शाखा प्रमुख श्री विक्रम थापा र नापी उपशाखाको अमिन सहितको समितिले अध्ययन गरी आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो।
निर्णय नं.१२
राष्ट्रिय गानका रचनाकार प्रदीप कुमार राई (व्याकुल माइला) लाई मिति २०८२/०७/२६ गतेका दिन नगरपालिका कार्यालयमा स्वागत गर्ने निर्णय गरियो ।साथै गणतन्त्र नेपालक प्रदेश, जिल्ला र स्थानीय तहहरुको सुत्रबद्व कोड नक्सा तयार गरी नापी विभागका अधिकृत डिल्ला प्रसाद दाहालले नगरपालिकालाई हस्तान्तरण गरेको हुँदा उक्त नक्साको बिल भर्पाई बमोजिम निजलाई भुक्तानी दिने निर्णय गरियो ।
निर्णय नं.१३ विविध
१. यस नगरपालिकाको नगर गीत र भिडियो परिमार्जन गरी रेकर्डिङ तथा छाँयाङ्कन गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
२. वडा नं.४ मा चैनपुर डेरी सामुदायिक भवन निर्माणका लागि बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट रु.२०,००,०००/- विनियोजन भएकोमा उक्त भवन निर्माणका लागि साविक नँयागाउँ देउपुर गाविस वडा नं.१ राम्चेडाँडामा रहेको पर्ति जग्गा कि.नं.२३८ उपयुक्त भएको भनि

आमभेलाबाट निर्णय भई निवेदन प्राप्त भएकोमा नेपाल सरकारले जारी गरेको सरकारी सार्वजनिक जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धि कार्यविधि,२०७९ बमोजिम लिजमा उपलब्ध गराउन जिल्ला स्तरीय सिफारिस समितिमा पेश गर्ने निर्णय गरियो ।

३. वडा नं.९ का वडा अध्यक्ष श्री सिताराम श्रेष्ठ नसा सम्बन्धि समस्या भई उपचाररत रहेकोमा निजको स्वास्थ्य लाभको कामना सहित उपचारको लागि रु.१,५०,०००/- (अक्षेरेपी एक लाख पचास हजार रुपैया) सहायता उपलब्ध गराउने निर्णय गरियो ।

६. नगर स्तरिय अनुगमन समिति तथा उद्योग संघसंस्था सहकारी शाखा र राजश्व शाखाको सहभागितामा नगरपालिकाभित्र रहेका उद्योग/व्यवसाय, संघसंस्था/सहकारीहरुको बजार अनुगमन गरी दर्ता/नविकरण तथा राजश्व संकलन शिविर सञ्चालन गर्न राजश्व शाखाले एक महिनाको कार्य योजना निर्माण गरी सोही बमोजिम घरदैलो शिविर संचालन गर्ने निर्णय गरियो। यस नगरपालिकाभित्र सञ्चालनमा रहेका घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भई नगरपालिकामा सूचिकृत नगरेका उद्योग/व्यवसाय, संघसंस्था/सहकारीहरुलाई नगरपालिकामा सूचिकृत गरी घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको मितिदेखि लागु हुने गरी राजश्व संकलन गरिनेछ ।

७. नगरपालिकामा दहत्तर बहत्तरबाट संकलन हुने राजश्वको ४०% प्रदेश सरकारलाई पठाउनु पर्ने भएकोमा गत वर्षको मनसुनी विपद्का कारण यस पालिकामा ठुलो जनधनको क्षति भएको हुँदा विपद् व्यवस्थापन तथा पुनःनिर्माणका लागि आर्थिक अभाव हुने भएकोले दहत्तर बहत्तरबाट संकलन हुने राजश्व प्रदेश सरकारलाई उपलब्ध गराउन नसकिने भनि अनुरोध गर्ने निर्णय गरियो ।

८. वडा नं.७ को त्राखोला नदिले कटान गरेको रुसेधारा चाखोला कृषि सडक मर्मतका लागि वार्षिक कार्यक्रमको बजेट शिर्षक नं. ५५ सहकारी चोक गेरुवा चाखोला रुसेधारा कृषि सडक बाट रु.२,००,०००/-, वार्षिक कार्यक्रमको बजेट शिर्षक नं. १९२ वडा कार्यालय तथा स्वास्थ्य चौकी व्यवस्थापन, वडा स्तरीय सार्वजनिक सुनुवाई र नागरिक बडापत्रा निर्माण शिर्षकबाट रु.५,००,०००/- र अपुग हुने बजेट रु.८,००,०००/- विपद् व्यवस्थापन कोष शिर्षकबाट स्रोत व्यवस्थापन गर्ने निर्णय गरियो ।

९. नगरपालिकाबाट कार्यन्वयन हुने दश लाखभन्दा माथिका योजनाहरुमा अनिवार्य रुपमा जस्तापातामा लेखिएको एउटा योजना सूचना पाटी राख्नुपर्ने र पचास लाखभन्दा माथिका योजनाहरुमा अनिवार्य रुपमा जस्तापातामा लेखिएको दुई वटा योजना सूचना पाटी राख्नुपर्ने निर्णय गरियो ।